Vangmaya
Vol. 20, No. 1: 104-114, July 2024
Central Department of Nepali, Kirtipur

DOI: https://doi.org/ 10.3126/vangmaya.v20i01.68174

# *पहेली* उपन्यासमा साइबर प्रौद्योगिकी

**दीपकप्रसाद ढकाल**

## लेखसार

*प्रस्तुत लेखमा साइबर संस्कृतिको प्रभावका कारण 'पहेली' उपन्यासका चरित्रले भोगेका समस्या विश्लेषण गरिएको छ । यस लेखमा इन्टरनेट सञ्जालको विस्तार र यसका सीमालाई समयमा नै बुझ्न नसक्दाको परिणामलाई सूक्ष्म रूपले विश्लेषण गरिएको छ । साइबर संस्कृतिका कारण व्यक्तिका निजी र गोपनीय पक्ष सार्वजनिक बनेका छन् । सार्वजनिक सञ्जालको प्रकृति भनेकै सर्वकालीन, सर्वस्थानिक र भौतिक दिक्का सीमाविहीन भएको अवस्था हो । त्यसैले हरेक व्यक्तिका भौतिकी पनि मेटिएर देखापरेको हुन्छ । यसैको प्रभावलाई प्रस्तुत लेखमा विश्लेषण गरिएको छ । यस लेखको शोधक्षेत्र र समस्या सोद्देश्य रूपले चयन गरिएको हो । विश्लेषणका आवश्यक सामग्री र तथ्यका निम्ति पुस्तकालयलाई स्रोतका रूपमा प्रयोग गरिएको छ । 'पहेली' उपन्यासलाई प्राथमिक र साइबर संस्कृति विषयक सैद्धान्तिक एवं 'पहेली' उपन्यासका विषयमा भएका अध्ययनलाई द्वितीयकका रूपमा यस लेखमा प्रयोग गरिएको छ । उपन्यासको सूक्ष्मपठन तथा त्यसका अन्तर्यमा संयोजन गरिएको साइबर संस्कृतिले मानवीय जीवनमा परेका प्रभावलाई लम्बीय स्वरूप दिइएकाले प्रस्तुत लेख गुणात्मक बनेको छ । इन्टरनेट सञ्जालमा प्रवेशसँगै व्यक्तिका निजी विषय सार्वजनिक चियो, जानकारी, सूचना र क्रियाप्रतिक्रियाको आधार बन्छ । सञ्जालमा जोडिएका सबै व्यक्तिको सोच र व्यवहार समान नहुने भएकाले कुनै व्यक्तिको गलत सोचाइ तथा व्यवहारका कारण अर्को व्यक्तिका जीवनमा गहिरो विषाद तथा हानि सृजना हुन्छ भन्ने विचार प्रस्तुत लेखको निष्कर्ष हो ।*

**शब्दकुञ्जी :** मिथकीय पुनसृजन, विघठन, साइबर प्रौद्योगिकी, साइबर स्पेस, सार्वजनिक सञ्जाल

## १. विषयपरिचय

*पहेली* (२०७४) बिष्णु एस. राईद्वारा लिखित उपन्यास हो र यसमा वर्तमान साइबर प्रविधिले मानवजीवनका विविध आयाममा पारेको प्रभावलाई विषयवस्तु बनाइएको छ । साइबर संस्कृतिले आजको मानिस, प्रविधिसंस्कृति र व्यक्तिगत तथा सनातन साझा परम्परामाथि पारेको प्रभाव यसमा आख्यानीकरण भएको छ । मानवसमुदाय प्रविधिसंस्कृति निर्मित विकल्पका अनेक सम्भावनाले खुला अवस्थामा पुगेको छ । परम्परागत सामाजिक मूल्य, मान्यता, सामाजिक संस्था एवं राजनीतिक भूगोलका सिमाना पनि भञ्जित छन् । साइबर सञ्जालका माध्यमद्वारा व्यक्तिव्यक्तिका बिचको भौतिक दूरी, सीमा, पर्खाल सबै मेटिएका छन् । कसको संलग्नता, पहिचान, निकटता, आइजाइ वा सम्बन्धका विविध आयाम कससँग विकास छ भन्ने विषय अनिर्धारित र अनिर्णित  बनेको छ र यसको प्रतिनिधित्व *पहेली* उपन्यासबाट भएको देखिन्छ । आज मानिस मेसेन्जर, भाइबर, इमो, इन्स्टाग्राम, ट्विटर, ह्वाट्स एपजस्ता प्रविधिनिर्मित वैकल्पिक सम्पर्कका माध्यमले अदृश्य रूपमा जोडिएको छ । व्यक्तिका निजी विषय सीमाहीन रूपले सार्वजनिक भएका छन् ।

कुनै गलत मनसाय भएका व्यक्तिले अदृश्य रूपमै कुनै व्यक्ति तथा संस्थालाई आफ्नो योजनाअनुरूप प्रयोग गर्न सक्ने अवस्था छ ।

ब्रह्माण्डीय दिक् वा स्पेसमा विश्वमानवले अनन्त सम्पर्क सम्भावना प्राप्त गरेको छ । आकाशीय दिक्मा अदृश्य रूपमा रहेका तरङ्ग र त्यसले जोडेको भूमण्डलीय सेरोफेरो यस उपन्यासको रचनागर्भ हो । *पहेली* उपन्यासको रचनाविधानका आधारभूत पक्षमा केन्द्रित रही मिथकीय चरित्रको पुनःसृजनात्मक प्रयोग, साइबर प्रौद्योगिकीको प्रयोग र विवाह नामक संस्थाको विघटनका कोणबाट प्रस्तुत लेख तयार गरिएको छ । *पहेली* उपन्यासका बारेमा विषयवस्तुगत सन्दर्भ, नेपाली समाजमा साइबरसंस्कृतिको प्रभावजस्ता कोणबाट सङ्क्षिप्त चर्चा भएका छन् तर उपन्यासको वस्तुसङ्गठन र मानवजीवनमा साइबरसंस्कृतिले पारेको प्रभाव विषयक भई अध्ययन नभएकाले यही अनुसन्धानात्मक रिक्ततालाई सम्बोधन गर्न प्रस्तुत लेख तयार गरिएको हो ।

## २. अध्ययनविधि

प्रस्तुत लेखमा प्राज्ञिक समस्याको समाधानका निम्ति पुस्तकालयबाट प्राप्त तथ्य र सामग्री प्रयोग गरिएको छ । लेखको क्षेत्र र समस्या पहिचान तथा छनोट सोद्देश्य रूपले गरिएको हो । *पहेली* उपन्यासलाई प्राथमिक तथा यस उपन्यासका बारेमा भएका अध्ययन एवं साइबर संस्कृतिसम्बद्ध सैद्धान्तिक सामग्रीलाई द्वितीयकका रूपमा प्रयोग गरिएको छ । विश्लेषणको आधार प्रस्तुत गरेर प्राथमिक सामग्रीलाई परीक्षण तथा सत्यापन गरिएकाले प्रस्तुत अध्ययन निगमनात्मक विधिबाट सम्पन्न भएको छ । सत्यापनका क्रममा प्राथमिक सामग्रीका तथ्यलाई आलोचनात्मक तथा सृजनात्मक रूपले प्रयोग गरिएकाले आगमनात्मक विधिबाट सत्यापन गरिएको छ। विश्लेषणका निम्ति मोहनराज शर्मा (२०७८) को *समालोचनाका नयाँ कोण*, बासु बराल (२०५०) को *हिन्दू सामाजिक सङ्गठनको प्रारूप* र स्टेसी गिलिज (सन् २००७) को 'साइबरक्रिटिसिजम' का सैद्धान्तिक मान्यतालाई आधार बनाइएको छ । प्रस्तुत लेखको विश्लेषणात्मक ढाँचा तय गर्न साइबर प्रौद्योगिकीको सिद्धान्तलाई आधार बनाइएको छ ।

## ३. साइबर प्रौद्योगिकीको सैद्धान्तिक र अवधरणात्मक ढाँचा

चरित्रको पुनःनिर्माण समाजमा प्रचलित परम्परागत विश्वास र सङ्कथनबारे गरिने सामयिक तथा नवीन प्रयोग हो । यस्ता विश्वास र सङ्कथन नेपाली समाजमा विविध प्रकृतिका पाइन्छन् र तीमध्ये पौराणिक विश्वास पनि एक हो । ब्रह्माले ब्रह्माण्डको सृष्टि गर्ने सिलसिलामा परम सुन्दरी अहिल्याको रचना गरेका र उनै अहिल्याको जीवनमा एकपछि अर्को गरी घटेका घटना नै पौराणिक मिथकीय सन्दर्भ हुन् । पौराणिक मिथकमा अहिल्याको यौवनावस्थामा प्रवेश, विवाहको तयारी, त्रिलोकको सबैभन्दा छिटो भ्रमण गर्नेले नै स्वयंवरको वरमाला लगाउन पाउने र अहिल्या उनैकी हुने प्रस्ताव, गौतमी ऋषिले गर्भिणी अवस्थाकी गाईको प्रदक्षिणा गरेका र यही नै त्रिलोकको प्रदक्षिणा हुने ठहर, अहिल्याले गौतमी ऋषिलाई पतिका रूपमा वरण, इन्द्र अहिल्याको सौन्दर्यबाट विक्षिप्त प्रायः अवस्थामा पुगेको, अहिल्याको सौन्दर्य भोग्नका निम्ति चन्द्रदेवको सहाराले मध्यरातमा नै भोरकालीन परिवेश सृजना गरी कुटीसम्म पुगेको, गौतमी ऋषि गङ्गास्नानका निम्ति निस्किएको, सोही अवसर छोपी इन्द्रले अहिल्यासँग सहवास गरी आफ्नो कामुकता शान्त गरेको, गौतमीले गङ्गाबाट तिमीमाथि छल भएको भन्ने जानकारी पाएको, कुटी पुग्दा अहिल्या इन्द्रको बाहुपासमा बाँधिएको देखेर तुरुन्त दुवैलाई श्राप दिएको सन्दर्भ उल्लेख छ । अहिल्याको परपुरुषगमनको यस पौराणिक सन्दर्भलाई आजको साइबर प्रौद्योगिक युग र त्यसको वशीभूत हुन पुगेका युवायुवतीका बिचको शारीरिक सहवास हुनेगरी प्रस्तुत गरिएको सन्दर्भ नै यस उपन्यासमा मिथकीय चरित्रको पुनःनिर्माण हो ।

समाजव्यवस्थाका विविध एकाइमध्ये विवाहले सृजना गर्ने संस्थागत स्वरुप पनि एक हो । त्यसैले विवाह सामाजिक सङ्गठनको व्यवस्था वा पद्धति हो । समाजको अर्थतन्त्र, सत्तामा रहेको वर्ग, कृषिमा निर्भर पारिवारिक स्रोत व्यवस्थाजस्ता विषयले विवाह नामक सँस्थाको आरम्भ र निरन्तरता निर्माण गऱ्यो । यसले व्यक्तिका निश्चित जिम्मेवारी, पेसागत सीमा, मूल्यमान्यताको दायरा स्वाभाविक वा बलपूर्वक रूपमा संस्थागत गऱ्यो । संस्थाका रूपमा विकास भएसँगै नारी र पुरुषका भूमिका पनि निर्दिष्ट भए । पूर्वीय वाङ्मय र सभ्यताको विकासक्रममा यस्तो भूमिका वैदिक कालबाट आरम्भ भई आजको चरम भौतिक, वैज्ञानिक र प्राविधिक विकासको कालसम्म उत्तरोत्तर रूपमा व्यापक तथा विस्तारित हुँदै आएको छ ।

नर र नारीको सहकार्य एवं सहअस्तित्वको आरम्भ वैदिक ऋचाको सृजना तथा रचनाको समयबाट नै भएको तथ्य पाइन्छ। "वैदिक कालमा वेदका ऋचाको रचना महिला र पुरुष दुवैले गरेका थिए । घरलाई नारीको उपस्थिति र भूमिकासँग जोडेर पत्नी भएमा पुरुषको घर हुने अन्यथा नहुने प्रावधान पनि वैदिक कालीन समाजव्यवस्थामा प्रचलित थियो" (बराल, २०५०, पृ. १३७) । वैदिक कालको उत्तरार्धतिर आइपुग्दा समाजमा वीर पुत्रप्राप्तिको वरदान दिने र स्त्री तथा पुरुषमध्ये पराक्रम र बलशालीका रूपमा पुत्रलाई लिने विभेदोन्मुख प्रचलनको थालनी भएको पाइन्छ । यसले उत्तरवैदिक कालमा अझ व्यापक रूप लिन जाँदा समाजमा महिलालाई हेर्ने दृष्टिकोण सङ्कुचित र सीमित बन्यो । कर्मकाण्डमा जटिलता हुने, मन्त्रोच्चारमा हुन सक्ने सम्भावित त्रुटि, राजामहाराजाले अफूसँग आर्य नारी कम भएका कारण अनार्य र विजित राज्यका नारीलाई दासीका रूपमा राख्नेजस्ता प्रचलनले नारीको उपस्थिति र भूमिका कमजोर बन्न पुग्यो । स्मृतियुगमा नारीलगायत समाजको आचारविचारका विषयमा कठोर प्रावधान र नियमको व्यवस्था गरियो । यस युगमा लैङ्गिक समानता र न्याय, सामाजिक सुरक्षाजस्ता क्षेत्रमा निकै कठोर प्रावधान स्थापित हुनगई नारी केवल आमा, सहयोगी, दासी मात्र हुन् भन्ने विभेदपूर्ण प्रावधान स्थापित भए । "कतिपय स्मृतिकारले त नारीलाई अधिकार दिनुहुन्न । यिनीहरू स्वभावैले कामी, अबुझ र चरित्रहीन हुन्छन्" भन्ने व्याख्यासमेत गरे (बराल, २०५०, पृ. १३९) । यसरी नारीलाई वैदिक कालमा गरिएको व्यवहार र हेरिएको दृष्टिकोण क्रमशः विभेदकारी र सङ्कुचित बन्दै गएका पृष्ठभूमिमा विवाह नामक सामाजिक संस्थाले पनि नारीलाई बद्ध बनायो । नारीका पारिवारिक जिम्मेवारी, भूमिका, स्थान, पहुँच र प्रभाव कतिसम्म रहने तथा त्यसभन्दा विपरीत गएमा के हुनेसम्मका मानकहरू बने । पुरुषको पक्षमा बहुपत्नीको व्यवस्था तय भएको तर पत्नी वा स्त्री जातिको पक्षमा रहनेगरी बहुपति व्यवस्था नहुने प्रावधानलाई सामाजिक निष्ठा बनाइयो । बराल (२०५०) ले के. एम् कापडियाको अध्ययनलाई उद्धृत गरी भनेका छन् :

> पत्नीका चारप्रकार (महिषी, परिवृत्ती, वक्ता र पालागली) छन् । हिन्दूपरम्पराको विवाहसम्बन्धी मान्यतामा पुरुष र महिलाको आदर्शलाई अलगअलग रूपले र विभेदकारी ढङ्गले तय गरिएको छ । पतिले आदर्श हुन एक पत्नी भए पुग्ने तर महिलाले आदर्श हुन मन, वचन, शरीर आदि कुनै प्रकारले परपुरुषसँग व्यभिचार नगर्ने स्त्री पतिका साथ स्वर्ग बस्न पाउँछे र परपुरुषसँग व्यभिचार गर्ने नारीको निन्दा, पाप र रोगादिबाट पीडित र स्यालको जुनी पाउने भन्ने छ । (पृ. ९९)

पूर्वीय वाङ्मयको प्रभावमा विकसित नेपाली समाजमा पनि नारीलाई यही मनुस्मृति निर्देशित कठोर प्रावधानका साथ हेरियो । यसअनुसार आफूलाई पतिका निम्ति मात्र समर्पित गरे कुलीन, सांस्कारिक, आदर्श नारी हुने अन्यथा गरे कुलटा, व्यभिचारी र पापिनी हुने शोषणमूलक प्रचलन विकास गरियो ।

विज्ञानले नवीनतम सोच र त्यसलाई भौतिक वस्तु तथा पदार्थको संयोजन गरी कल्पनामा मात्र सिमित पक्षलाई यथार्थ बनाई सामुन्ने ल्यायो । समयको गति

र वैज्ञानिक आविष्कार हरेक असम्भव भनिएका तथा समाजले स्वार्थ निर्देशित हुनेगरी निर्माण गरेका प्रावधानको भञ्जकका रूपमा विकसित भयो । हिजो पुरुष र महिलाका खासखास नियम र निष्ठा बने तर आज ती सबै साइबर प्रौद्योगिकीका कारण धाराशायी, धुमिल, खुम्चिएका र मेटिएका अवस्थामा पुगे । सार्वजनिक सञ्जाल, साइबरसंस्कृति, साइबर नेटिक्स, साइबर पङ्क, भाइबर, मेसेन्जर, इमो, ह्वाट्स एप, फेसबुकजस्ता प्रविधिका विकल्पद्वारा अब व्यक्तिका समाजिक र परम्परागत मूल्य मान्यता मेटिए ।

सूचना, प्रविधि र वैज्ञानिक आविष्कारका कारण आजको विश्व एक समन्वित ग्रामका रूपमा विकसित भएको छ । अन्तरिक्ष र वायुमण्डलीय दिक्का तरङ्गलाई प्रविधिको प्रयोग गरी मानवले सुदूर अतीतमा असम्भव मानेको विषय पनि सार्थक, सम्भव र व्यावहारिक रूपमा अनुभूत गर्न थालेको छ । कम्प्युटरको स्क्रिनका पछाडि रहेको दिक् तथा त्यससँग जोडिएको कम्प्युटरको मात्रिका (म्याट्रिक्स) का आधारमा मानव साइबर दिक्मा प्रवेश गरेको हुन्छ । "जब मानिसले आफ्नो स्नायुप्रणालीलाई उक्त दिक्मा जोडेर प्रस्तुत गर्छ तब यसले मस्तिष्क र कम्प्युटरको मात्रिका (म्याट्रिक्स) का बिचमा सम्बन्ध स्थापित गरेको हुन्छ" (गिलिज, सन् २००७, पृ.२०५) । इन्टरनेट सञ्जालले विकास गरेको यस्तो अन्त्यहीन सञ्चार, फैलावट र प्रवेशसँग मानिस साक्षत्कार गरेपछिको प्रभाव नै साइबर संस्कृति हो । "प्रतिकृतिलाई नै वास्तविकता मानेर भ्रमात्मक आनन्दमा रहने तथा त्यसका विविधताबाट मुग्ध हुने उत्तरऔद्योगिक वैद्युतिक साधानको प्रभावमा परेर पनि मानवले आफ्ना सामाजिक जैविक भूमिका विभ्रमात्मक रूपमा लिन थालेको देखिन्छ" (गौतम, २०७१, पृ.२२०) । परोक्ष दिक्लाई वास्तविकताको अनुरूपणद्वारा ग्रहण गरिने भएकाले मानवको वास्तविक भौतिक दिक्भन्दा परोक्ष अनुरूपण निर्मित दिक्मा प्रवेश बढ्न थालको हो । यसले ज्ञान, अनुसन्धान, प्रशासन, ज्ञानात्मक पुनःसृजनका विविध पक्षमा निर्विकल्प साधनको काम गरेको छ । मानवजीवनले यस्तो फड्को मारेको र त्यसको कालात्मक अभिव्यक्ति सृजनाका विविध विधामा प्रवेश गरेको वास्तविकता नै आजको यथार्थ हो ।

मानव साइबर स्पेसको अनन्त फैलावट र त्यसमा सीमाहीन रूपले छरिएका तरङ्गमा व्याप्त सूचनाको पहुँचमा सजिलै पुगेको छ । यसले ज्ञानका आयामको सीमाहीन विस्तृति, त्यससम्मको सर्वसाधारण नागरिकको पहुँचजस्ता विषयलाई जनाउँछ । संसारभरिका कवि, लेखक, चिन्तक, कलाकार, प्राध्यापक, विद्यार्थी अब यस्तै ज्ञानसागरबाट निर्देशित र सुसूचित हुनेछन् । "अबका प्राज्ञिक, शैक्षिक र सृजनात्मक जगत् यसैले चल्न थालेको छ र चल्नुपर्छ" (भट्टराई, २०६४, पृ. ७६ ) । मानवले सृजनाको नवआयाम, शिल्प, ढाँचा र प्रविधिचयनमा साइबर स्पेसको विकल्प छैन ।

प्रस्तुत उपन्यासका चरित्र, आख्यानात्मक दिक्काल साइबर संस्कृतिबाटै प्रभावित र प्रेरित भई पुनःसृजनात्मक बनेका छन् । यस उपन्यासको आख्यानात्मक दिक् साइबर दिक्जनित परिणति हो । व्यक्तिका गोप्यता सार्वजनिक गर्ने, एक अपरिचित व्यक्तिले सहजै अर्को व्यक्तिका पारिवारिक, सामाजिक, मानसिक, आकाङ्क्षाजस्ता विषयको सूचना प्राप्त गर्न सक्ने अवस्था साइबर जगत्को यान्त्रिकी बन्धन हो । यसबाट मानिसले अनन्त सम्भावना र अवसर पाई व्यक्तिगत क्षमता एवं योग्यतालाई विश्वबजारसम्म फैलाउन सफल पनि भएको छ भने यही विषयले मानिसको क्षयीकृत र विकृत अवस्था सृजना पनि गरेको छ । साइबर स्पेसप्रतिको अन्धतापूर्ण प्रवेश, त्यसको लत तथा त्यसले उत्पन्न गरेको दुखद अन्त्यका विषयमा उपन्यासको भूमिकामा गोविन्दराज भट्टराई (२०७५) ले यस प्रकार लेखेका छन् :

> कसैले यो यौनअतृप्तिको परिणाम हो ठान्छन्, कसैले बुहारी अहिल्यालाई अतिकामुक (निम्फोम्यानिएक) ठानेका छन् तर सबै कुराको जड ता बेहोसीसँग साइबर जगत्मा प्रवेश गर्नु हो, भनौं प्रवेशपछिको घोर बोहोसी- नानीले आगो खेलाएझैं । हाम्रो कलिलो

> भर्खरै साक्षर समाजमा त्यस अग्निले पोल्ने मात्र होइन डढाएरै छाड्यो । अरु कति एक्ला छोरी, बुहारी मातालाई डढाइरहेको छ । (पृ. ८)

साइबरले आधुनिक मानवको छायाँ बनेर पछ्याइरहेको छ । कुनै पनि स्थानमा मानव अब एक्लै र व्यक्तिगत विषयलाई बचाएर बाँचेको छु भन्न सक्ने अवस्था छैन ।

> साइबर संस्कृतिको एउटा डरलाग्दो पाटो छ- यसैका कारण प्रत्येकको निजी जीवन समाप्त हुन्छ, गोपनीयता भङ्ग हुन्छ, स्वतन्त्रता समाप्त हुन्छ र जहाँ पनि सिलिकन चिप्सले मान्छेका क्रियाकलापको गुप्तचरी गरिरहेको हुन्छ । पुस्तकालयमा जाऔं, कि डिपर्टमेन्टल स्टोरमा, अस्पतालमा या सरकारी भवनमा, ड्राइभिङमा वा स्विमिङमा सर्भिलेन्स क्यामराले मान्छेलाई पच्छ्याइरहेको हुन्छ, उसले फेरेको सास र मुटुको धड्कन पनि नापिँदै हुन्छ । दुवै कुरा- मुक्ति र बन्धन । हाम्रा सारा कृत्रिम उन्नतिहरू यस्तै हुन्छन् । यी मुक्तिका लागि बुनिएका बन्धनका साङ्ला हुन् । (भट्टराई, २०६४, पृ. ७८)

इन्टरनेट सञ्जाल मानिसले आफ्ना सृजनात्मक क्षमताको प्रयोग गरी तयार गरेको अदृश्य बन्धन तथा निर्विकल्प साझापन हो । सर्वजनिक सञ्जालले व्यक्तिका गोप्यतालाई आवरणविहीन बनायो । जसले चाह्यो उसले अरूका मनोदशा र व्यवहारको चियो गर्ने वा अवलोकन गर्ने अवस्था सृजना गर्‍यो । “मान्छेका पारिवारिक तथा सामाजिक सम्बन्धमा पनि साइबर सञ्जाल र यसले सृजना गर्ने संवेदना प्रधान भएर विकसित भएको छ” (अधिकारी, २०७९, पृ.१९८) । सम्बन्धका आयाममा प्रवेश गर्ने तथा त्यस्ता आयामका नवीनतम पक्षका कारण विकसित हुने मानवीय व्यवहार पनि अहिले साइबर प्रौद्योगिकीले बनेको देखिन्छ । उल्लिखित विमर्शका आधारमा निर्धारित भएका सूचकलाई प्रस्तुत विश्लेषणमा प्रयोग गरिएको छ ।

## ३. नतिजा र विमर्श

*पहेली* उपन्यासको रचनाविधानको केन्द्रीय कथ्य आजको साइबरजगत् र यसको प्रभावले सृजना भएको समस्या हो । प्रविधिसंस्कृतिका कारण मानव सम्पर्कका सम्भावना, विकल्प, असीमित अवसरको यात्री बनेको छ । त्यसको प्रभावले आफूलाई लाभान्वित बनाउन सफल छ । समयको यस विन्दुमा विगतको अकल्पनीय, असम्भव, यथार्थमा अनुभूत हुनै सक्दैन भनिएको, जादूको विषय बनाइएको पक्षलाई यथार्थका रूपमा मानवले भोग्न सकेको छ । उपन्यासकारले यसै अनन्त सम्भावनाको सङ्घारमा पुगेको मानव र त्यसले उत्पन्न गरेका आघातलाई यस उपन्यासमा मुख्य वस्तु बनाएका छन् । प्रस्तुत लेखमा *पहेली* उपन्यासलाई पूर्वीय पौराणिक मिथकीय चरित्रको आजको नेपाली समाजअनुकूल हुनेगरी गरिएको पुनःसृनात्मक प्रयोग, साइबर प्रौद्योगिकी र विवाह नामक संस्था विघटनको सङ्घारमा पुगेको अवस्थाका कोणबाट यसप्रकार विश्लेषण गरिएको छ :

### ३.१ चरित्रको पुनःनिर्माण

*पहेली* उपन्यासका केन्द्रीय पात्र अहिल्या र इन्द्र हुन् र यी पात्रले प्रस्तुत आख्यानको आद्योपान्त कथानकलाई गतिशीलता दिएका छन् भने पाठकमा गहिरो आघात छोड्न पनि सफल छन् । अहिल्या र इन्द्र पौराणिक मिथकीय चरित्र हुन् तर उपन्यासकारले पुनःसृजनात्मक पद्धतिको प्रयोग गरी आजको समाजमा प्रविधिसंस्कृतिको प्रभावस्वरूप विकसित जीवनपद्धति र त्यसले विकास गरेको स्वभाव एवं जीवनशैलीलाई प्रतिनिधित्व गरी आख्यानीकृत गरेका छन् ।

अहिल्या र इन्द्रलाई आजको साइबर संसारको प्रभावका कारण निर्मित चरित्रका रूपमा प्रयोग तथा प्रारूपीकरण गरी मिथकीय पुनःसृजन गरिएको छ । सामान्य परिवारमा हुर्किएकी, अत्यन्त सुन्दर शारीरिक बनोट भएकी, बोलाकिली, अपरिचित केटालाई पनि वाचाल रूपले प्रस्तुत भई कुरा गर्न सक्ने र युवालाई युवतीतिर

आकर्षित गर्ने शैलीमा प्रतिक्रिया दिने क्षमता उसमा बाल्यकालदेखि नै विकसित भएको छ । अहिल्याकी साथी लक्ष्मीले मोरङको बयरनमा अहिल्याको किशोरकालीन व्यवहार र त्यसले विकसित गरेको स्वभावको प्रमाण दिँदै भनेकी छे :

> हेर लक्ष्मी, सबैले भन्छन् बिहे नभइन्जेल हो केटा साथीहरू बनाउने, यसो हाँसख्याल गर्ने । म त बिहेपछि पनि नयाँ साथीहरू बनाउँछु, गफगाफ गर्छु । त्यति गर्दैमा के जान्छ र, भन त ? म त त्यस्तो जीवनसाथी रोजुँला जसले मलाई आफूसरह जीवनसाथी बनाउन देला । (पृ. १२३)

पूर्वी तराइको मोरङ जिल्ला बयरवनमा बितेको बाल्यकाल र अहिल्याले आफूलाई परेको सङ्कटको जानकारी गराउने सिलसिलामा लक्ष्मीले यस्तो बाल्यकालीन आदत विकास भएको तथा त्यसैले अति रूप लिँदा विवाहपश्चात्को जीवनमा पनि यसले गम्भीर असर पारेको देखिन्छ ।

सम्पन्न, शिक्षित र मर्यादित परिवारमा अहिल्याको विवाह भएपछिको अवस्था नै यस उपन्यासको साइबरसंस्कृतिको जालोमा फसेको अवस्था हो । चार वर्षको कलकलाउँदो बालक छोरो, न्यायाधीश सेवाबाट निवृत्त ससुराबा, सासू र आफूसमेत गरी जम्मा चारजना परिवारमा रहेको, श्रीमान् अति लगनशील र मेधावी भएका कारण विदेशमा कम्प्युटर इन्जिनियर पढ्न, बाबुआमाको समाजिक प्रतिष्ठा कायम राख्न तथा परिवारलाई सुखी र सम्पन्न बनाउन गएको अवस्था यस उपन्यासमा आजकी अहिल्याको परिवार हो । पौराणिक कालकी अहिल्या अति रूपवती, जङ्गलमा ऋषिपत्नीका रूपमा बसोबास गरेकी, कामुक इन्द्रले उनको सुन्दरतामा वशीभूत भई चन्द्रदेवको सहायताले रातको समयमा छल गरी सहवास गरेको, बाहुपासमा बाँधी वशीभूत बनाएको अवस्था छ । यी दुवै सन्दर्भमा अहिल्याको अप्रतिम सुन्दरता समानताको विषय छ भने इन्द्र नै उक्त सुन्दरताको मादकतामा वशीभूत भएको छ । पौराणिक अहिल्या भेष बदल्नसक्ने तत्कालीन अतिमानीय र जादुगरी क्षमता भएको इन्द्रका कारण वशमा परेकी छ । यस उपन्यासकी अहिल्या प्रोद्यौगिकी र प्रविधिसंस्कृतिको वशमा परी शरीर भोकको ज्वालाले जलेकी छ । दुवैले परपुरुषबाट अपेक्षाकृत शरीर भोक मेटेका छन् । आजकी अहिल्या आत्मा र चेतन तत्त्वले अस्वीकार गर्दागर्दै पनि शरीरभोक मेटाउन पटकपटक इन्द्रको कोठामा पुगेकी छे र शरीर भोकलाई शान्त पारी फर्केकी छे :

> ...उसले फोनमा गरेका कुराहरू, च्याटमा गरेका कुराहरूको सम्झना दिलाएँ । श्रीमान् यहाँ छैन त के भो त भनें । मैले त्यति बेला नै उसको गालामा चड्कन हानेर फुत्त निस्कनु पर्ने । तर अचम्म ! मैले उभेर उसका कुरा सुनिरहें । ऊ फेरि बिस्तारै म नजिक आयो र मेरा हात समात्यो अनि अँगालो हाल्न खोज्यो, मैले फेरि उम्कन खोजें तर उसले मलाई आफ्ना बलिया पाखुराले समायो अनि म गलें । त्यसपछि जे नहुनु थियो त्यही भयो । मैले आफ्नो सतीत्व एउटा परपुरुषलाई लुट्न दिएँ । सर्वस्व गुमाएपछि पनि मलाई होस भएन । कुनै दुष्टात्माले आफ्नो वशमा राखेझैं म तुरुन्तै त्यहाँबाट भागिनँ बरु उसँगै बाहिर निस्केर एउटा सानो रेस्टुरेन्टमा खाना खाएँ । (पृ.११)

शरीरभोकको अतिशय छटपटीको अवस्थामा पुगेका कारण वर्तमानकी अहिल्या स्वयं नै इन्द्रको कोठासम्म पुगी । उसलाई सबै पारिवारिक, सामाजिक, मातृत्व सुख मिल्दामिल्दै पनि परपुरुषसँगको सहवासको रहरले त्यहाँसम्म पु¥यायो । सामाजिक, पारिवारिक, दाम्पत्य मर्यादाको कोणबाट यो गलत, निन्दनीय, निषेधप्रायः, वर्जित हो भन्ने कुरा आजकी अहिल्यालाई सबै ज्ञान हुँदाहुँदै पनि यो कदम उठाएकी छ । यसको पछाडिको प्रबल कारण शरीरको जैविक धर्म नै हो भने गौण रूपमा सार्वजनिक सञ्जाल वा साइबर संस्कृति कारक बनेको छ । प्रौद्योगिकीका कारण आज भौगोलिकताका, अपरिचयका, दूरत्वका जेजति आधार र

सीमा थिए ती सबै मेटिएर अनन्त सम्भावना साइबर जगत्ले सृजना गरेको छ ।

साइबर जगत्मा प्रवेश र त्यसमा अभिरुचि राख्ने स्वभाव एक प्रकारको नशाको परिणाम हो । यसलाई सीमित र आवश्यकताको हदसम्म उपयोग गर्नुपर्छ । 'अति सर्वत्र बर्जयेत्' भनेजस्तै प्रयोग र प्रयोजनको निश्चित सीमापारको अवस्थामा आजकी अहिल्या पुगेकी छ । यसको परिणाम स्वरूप परपुरुषसँगको शारीरिक समागमको अवस्था सहजै सृजना भएको छ । उसको यो व्यवहार समाजको मर्यादा प्रतिनिधित्व गरिरहेको पात्र (ससुराबा)को दवावजन्य चासोका कारण चरम तनावको अवस्थामा पुगेको छ । यो मनको चञ्चल र जिद्दीपनको पराकाष्ठा हो । समाजले शरीरभोकलाई नियम र निष्ठाको दायरामा बाँध्नु हो, अनुशासन र अनैतिकताजस्ता मानकले शरीरका धर्मलाई दबाउनु हो ।

## ३.२ विवाह नामक सामाजिक संस्थाको विघटन

प्रस्तुत *पहेली* उपन्यासमा विवाहनामक सामाजिक संस्थाको प्रतिनिधि चरित्रका रूपमा अहिल्याको ससुराबा आएका छन् । अहिल्याले विगत केही समयदेखि देखाएको अनौठो व्यवहार, मोबाइलमा लामो समयसम्म र पटकपटक भुन्डिएको, भान्सामा खाना बनाउने सिलसिलामा पनि फुर्सद नभएको, प्रत्येक दिन जस्तो रातको दश बजेपछि कुनै अपरिचित व्यक्तिसँगको संवाद, आशङ्का हुनेगरी गरिएको कुराकानीजस्ता व्यवहारको अवलोकन र चियो ससुराबा तथा सासूआमाबाट भएको छ । त्यसैले यहाँ विवाह नामक सामाजिक संस्था र त्यसको मानदण्ड एवं दायराको पालना भएको वा उलङ्घन भएको भन्ने अधारबाट अहिल्याको गतिविधि परीक्षण भएको छ । प्रविधिले सम्बन्ध, सम्पर्क, पहुँच, जानपहिचानका विविध ढोका खोलेको र व्यक्तिगत पहुँचका अनन्त सम्भावना खुला गरेको अवस्था छ ।

विवाहले व्यक्तिमा पारिवारिक जिम्मेवारी र उत्तरदायित्व निर्माण गर्छ तर जैविक रूपले व्यक्तिमा रहेको स्वभाव, गुण वा प्रकृतिलाई आदर्शीकरण गर्न सक्तैन । अहिल्याले जे गरी त्यसको नैतिकता, अनैतिकताको सबाल, परम्परागत मान्यताले निर्दिष्ट गरेको जिम्मेवारीजस्ता विषय केवल व्यक्तिको पारिवारिक संलग्नतापछिको आदर्शीकरणको रूप मात्र हो । एउटी आमा, एउटी पत्नी, एउटी बुहारीजस्ता नातासम्बन्धमा बाँधिनुपूर्व ऊ केवल स्त्री हो र उसमा जैविक गुण वा स्वभावको निरन्तरता छ भन्ने कोणबाट घटनालाई लिन नसक्दाको परिणामले उसमा असह्य पश्चतापबोध गराइएको छ तथा आत्महत्याको बिन्दुमा पुऱ्याइएको छ :

> जुन पापकर्म गर्न तिमी पुगिछ्यौ त्यसको कुनै क्षमा छैन । तिमी स्यानी छैनौ । के ठिक के बेठिक, जान्दा जान्दै, बुझ्दा बुझ्दै, तिम्रै भनाइ अनुसार आफ्नै मनले, तिमीलाई त्यसले कुनै जबरजस्ती गरेन, यस्तो दुष्कर्म गऱ्यौ । तिमीलाई आफ्नो श्रीमान्, आमाबुबा, दाजुभाइ, सासूससुरा, यहाँसम्म कि छोरासमेत याद रहेन । जति पल्ट बोलायो त्यसले, त्यतिपल्ट गयौ । यो अनैतिक सम्बन्ध थाहा भयो भने तिम्रा आफन्तलाई कस्तो चोट पुग्ला विचार गरिनौ तिमीले । (पृ. २१)

अहिल्याले देखाएको गतिविधि र त्यसले पारिवारिक जीवनमा पार्न सक्ने सम्भावित खतरा वा उत्पन्न गर्ने दुर्घटनाको आलोचनात्मक कोणमा ससुराबाको उपस्थिति छ । यस्तो सम्बन्धलाई नैतिक र अनैतिकको रूपमा हेर्नु, त्यसले परिवारको संरचनात्मक स्वरूप र तिनका अन्य सदस्यलाई पार्ने असरजस्ता विषयमा यिनले गम्भीर चासो देखाएका छन् तर आजको भूमण्डलीकरण र साइबरसंस्कृतिको दबदबा भएको अवस्थामा महिला वा पुरुषको पारिवारिक बनोट र संरचनामा आबद्ध भएपछिको सम्बन्ध फितलो एवं धूमिल भएको छ । मानिस केवल उसको शारीरिक धर्म र प्रकृतिलाई मात्र साथ लिई हिँडेको छ अन्य विषय प्रविधिसंस्कृतिका कारण गौण बनेका छन् ।

अहिल्याको परपुरुषगमनलाई उपन्यासकारले रिटायर्ड न्यायाधीशको आँखाबाट देखाउन र नेपाली समाजले

विवाहित महिलाको स्थान तथा मर्यादालाई देखाउन समाख्याता चरित्रका रूपमा ससुराबाको चयन गरेका छन् । आफ्नी बुहारीको गृहप्रवेश, नातिको जन्म, छोराको शालीन र शान्त स्वभाव, समाजमा प्रतिष्ठा आर्जन गरेको अवस्था आदिको पृष्ठभूमिमा अहिल्याको कदमको आलोचनात्मक समीक्षा भएको छ :

> ...त्यो भिडियो सार्वजनिक भयो भने के तिमीले आफ्नो अनुहार आफ्ना श्रीमान्, छोरा, हामी, तिम्रा बाआमा, दिदीबहिनी, दाजुभाइ कसैलाई पनि देखाउन सक्तैनौ । अनि तिम्रा लागि दुई ओटा मात्र विकल्पहरू बाँकी रहन्छन् : एक, तिमी फर्केर त्यसकै नगिच जाने र दुई, कसैलाई थाहा नहुने गरी बेपत्ता हुने । त्यो नगिच फर्केर गए पनि त्यसले तिमीलाई राख्ने होइन त्यसैले तिमीले सुसाइड गर्नु वा बेपत्ता हुनुको विकल्प छैन । (पृ.७५)

ससुराबाको यो भूमिका छोरा आएपछि बुहारीका विषयमा बताउने सबालमा पनि सामाजिक संस्थाको यही संरचना र पद्धतिको विषयलाई केन्द्रमा राखेर सम्पन्न भएको छ । छोरालाई बताएपछिको उसको मानसिकता कस्तो होला ? के छोरालाई नबताई अहिल्याको अनैतिक व्यवहार भित्रभित्र दबाएर अनि उसप्रतिको घृणा भावलाई सहेर बस्न सक्छस् भन्ने अन्तरविरोधमा रुमल्लिएको छ । शारीरिक भोकको यस व्यथालाई अहिले नेपाली समाजमा गोप्य तर आत्मविश्वासका साथ परिपूर्ति गर्न घरानिया महिलाहरू पनि सक्रिय भएको प्रसङ्ग उपन्यासमा छ । सामाजिक प्रतिष्ठा र मर्यादाका दृष्टिले ती पनि उपल्लो तहकै भएको विश्वास नेपाली समाजमा गरिन्छ :

> ...कस्ताकस्ता पढेलेखेका, सभ्य र सुशिक्षित परिवारका महिलाहरू मेरा कस्टमर छन् । उनीहरूका लागि त यो भोक लागेका बेला रेस्टुरेन्टमा गएर पैसा तिरेर मन पसन्द खाना खाए जस्तै हो । यो मोरीलाई कुन्नि के भो ? मलाई दुःख लागेको छ । दुःख लाग्नु त स्वाभाविकै पनि हो नि । मेरो एउटा कस्टमर घटिगो । कम्ती घाटा छ मलाई । (पृ. ५७)

विवाहलाई सामाजिक संस्थाको मर्यादित र सनातन रूप मानिए तापनि आज प्रौद्योगिकी युगको आगमनसँगै यसका आधार र मानक मूल्यहरू धूमिल तथा विभाजित अवस्थामा छन् । व्यक्तिका सम्बन्ध र त्यसका सीमाहरू व्यापक तथा विस्तृत हुँदै गएपछिको परिणामका रूपमा यसलाई लिइन्छ । ती शिक्षित र कुलीन महिला झनै मर्यादित र शिष्ट पद्धतिका अनुयायी हुनुपर्ने हो तर यस्तो अशिष्ट व्यवहार तिनबाट कसरी हुन गयो त भन्ने कोणबाट विषयलाई हेर्दा पनि शारीरिक भोकको व्यथापूर्ण, आहत, बेचैनीकै परिणतिका रूपमा यस्तो सम्बन्धलाई लिनुपर्ने हुन्छ ।

उपन्यासमा साइबर प्रौद्योगिकीको विकासका कारण अहिल्याले चालेको कदम र त्यसको स्वाभाविक विकासमा सहयोगी सिद्ध भएको प्रविधिलाई ससुराबाका केन्द्रीयतामा सार्वजनिक सञ्जालको मञ्चमा नै राखिएको छ। सर्वजनिक सञ्जालले यस विषयमा बहस गर्न चाहने र समाधानको विकल्प दिन चाहनेलाई एकत्रित र संश्लेषीकृत पनि गरेको छ। अधिकांशको प्रतिक्रिया समास्याको समाधान दण्ड हुनै सक्तैन भन्नेमा टुङ्गिएको छ । तीमध्ये प्रतिनिधि विकल्पलाई हेर्दा पति र पत्नीका बिचमा हुनुपर्ने आवश्यक पारस्परिक निकटता र एकले अर्काको भावनालाई कदर गर्ने अवस्था कमजोर हुनु भन्नेमा केन्द्रित छ । सुमी केट, विवाहित २३ असोज, २०७३ को वालबाट टिपिएको प्रतिक्रिया आख्यानमा यसरी आएको छ :

> केही वर्ष पहिला मेरो श्रीमान्ले पनि मैले विश्वासघात गरेकोमा मलाई समात्नुभयो । उहाँले के भन्नुभयो भने उहाँ यस विषयमा डिस्कस गर्न चाहनुहुन्न र त्यस विषयमा झिनामसिना कुरा पनि जान्न चाहनुहुन्न । तर उहाँ न सम्बन्ध विच्छेद नै गर्न चहनुहुन्छ न त यो कुरा भविष्यमा फेरि दोहोरिएको । उहाँले यो पनि भन्नु भयो कि उहाँले मलाई पर्याप्त समय दिनुभएको

थिएन र अब उप्रान्त दिनुहुनेछ र उहाँले जे भन्नुभयो त्यसै गर्नु पनि भयो । उहाँले त्यस घटनाको फेरि कहिले पनि उल्लेख गर्नुभएन । उहाँले कहिले पनि आफूलाई धेरै पीडित भएको देखाउनुभएन र मलाई माफ गरेर फेबर गरेको जस्तो देखाउनु पनि भएन । म धेरै नै प्रभावित भएँ र मेरो क्षमताले भ्याएसम्म एउटी असल पत्नी पनि भएँ । तिमी कस्तो परिणाम चाहन्छौ तिमी आफैं सोच । (पृ. १०२)

नेपाली समाजको विवाहनामक संस्थाको पछि टाँसिएर रहेको पुरुषकेन्द्री मानसिकता र महिलालाई अधीनस्थ बनाउन लुकेको चाहना मत्थर एवं समन्वयात्मक बन्न नसकेकाले यस्तो परिणाम परिवारमा घटेको निष्कर्षमा सुमी केटको प्रतिक्रिया केन्द्रित छ । हामी सही गर्न चाहन्छौं वा सुख चाहन्छौं भन्ने फरक धारबाट विषयलाई हेर्नु जरुरी छ । अहिल्याको यो कदमको आरम्भ र समाधानको दुवै पक्षलाई केटका यी प्रतिक्रियाले प्रमाणित गरेको छ । आजको साइबरसंस्कृतिले पुरुषबाट भएको यस्तो कुटिल व्यवहारको गोप्य र वैयक्तिक समाधानका ढोका खोलेको छ । त्यसैले यस उपन्यासले नेपाली समाजमा सनातन कालदेखि निरन्तरता पाएको विवाहनामक संस्था र त्यसले व्यक्तिको शारीरिक प्राकृतिक धर्म प्रत्यक्ष वा परोक्ष रूपले पूरा गर्ने विकल्प खोलेको छ । यो नै यस उपन्यासले आत्मसात् गरेको सार्वजनिक सञ्जालको प्रभावको परिणाम हो ।

## ३.३ साइबर प्रौद्योगिकी

प्रस्तुत उपन्यासमा आएका अहिल्या, इन्द्र, अहिल्याको ससुराबा, पत्रकार र महिला अधिकारकर्मी कमला, ससुराबाले सार्वजनिक सञ्जालमा बहसको विषय राखेपछि सहभागी भएका सम्पूर्ण सदस्य सबै साइबरसंस्कृतिको अनन्त फैलावटका भोक्ता हुन् । चरित्रहरू जेजस्ता गतिविधि र घटनाको कारक बनेका छन् ती सबै प्रविधिसंस्कृतिको जालोमा बेरिएका छन् । इन्द्र र अहिल्याका बिचको परिचयको थालनी, गोप्य रूपले इन्द्रले अहिल्याको प्रोफाइल पिक्चर हेरेको, पारिवारिक पृष्ठभूमि र पति, सन्तान, ससुराबाजस्ता अवस्था र पेसाका विषयमा जानकारी लिने काम फेसबुकबाटै भएको छ । अहिल्यालाई उसको अवस्थाअनुसार कसरी आफ्नो चाहनामा सामेल गराउने र शारीरिक एवं आर्थिक शोषण गर्नेसम्मको सबै योजना फेसबुक र मेसेन्जरका माध्यमबाट भएको छ । अहिल्याले पटकपटक मेसेन्जरमा दिएका प्रतिक्रिया र त्यसको आलोचनात्मक मूल्याङ्कनको अवसर पनि मेसेन्जरबाटै पाएको छ । भेट्नका निम्ति आग्रह गरी शारीरिक समागमसम्मको योजनामा इन्द्रले आफ्नो मनोबललाई उच्च बनाएको छ । सहवासको फोटो तथा भिडियोलाई आगामी शारीरिक तथा आर्थिक शोषणका निम्ति अत्यावश्यक प्रमाण बनाएको छ । त्यसको प्रभाव डिजिटल संसारका माध्यमबाट सबैतिर विस्तार गर्ने धम्कीको योजना पनि बनाएको छ । यी सबै गतिविधिका निम्ति साइबर संस्कृति सहज माध्यम र विकल्पका रूपमा अगाडि आएका छन् (पृ.३५-५७) । एउटी अपरिचित युवती र अपरिचित युवक यस हदसम्मको निकटतामा खिचिएका छन् । यी सबै व्यवहार गोप्य र सहज रूपमा सम्पन्न भएका छन् । एकले अर्कोलाई शारीरिक रूपमै भोग्न आतुर छन् र यतिसम्म कि आगामी दिनमा यस सम्बन्धको प्रमाणलाई साइबर दुनियामा प्रवेश गराई आर्थिक लाभको व्यवसायसमेत बनाउने योजनामा इन्द्र पुगेको छ । साइबर जगत्को तरङ्गद्वारा वेष्टित आजको समाजले यस्तो व्यवहारलाई रोक्न, छेक्न सक्ने अवस्था छैन ।

अहिल्याको आगामी दिन, उसलाई हुनुपर्ने कारबाही र एक जिम्मेवार नागरिक, बाबु तथा ससुराको भूमिका यस्तोमा कस्तो हुनुपर्ला भन्ने विषयलाई ससुराबाले सार्वजनिक सञ्जालमा छोडेका छन् । हिजोका दिनमा यस्ता विषयलाई छलफलका निम्ति बडघर, पञ्चायत, अदालतका ऐन, नियम, दफा, आदिमा केन्द्रित गरिने परम्परा रहेको तर आज यसको छिनोफानो र तुलनात्मक रूपले न्यायोचित विकल्प के हुने भन्ने विषय साइबर स्पेस तथा त्यहाँका सरोकारवाला एवं अनुभवी व्यक्तिको अगाडि सारिएको कुरा देखाइएको छ । विषयलाई यसप्रकारले

अदृश्य र सर्वव्यापी सञ्जालमा निमेषभरमा फैलाउने कार्य पनि साइबरसंस्कृतिको उपज हो । कुनै विकल्पमा कतिले चासो दिए, त्यसमाथि कतिले आफ्नो प्रतिक्रिया थपे र त्यसको विश्वसनीयता तथा उपादेयताको सूचनालाई पनि उपन्यासकारले भ्युज र ओभर भोट्सको सङ्केत दिई प्रस्तुत गरेका छन् । यसले विश्वभरि यसप्रकारको घटना, सम्बन्ध, त्यसको समाधानका विकल्प, भोगाइ आदिको सूचनालाई अनन्त विस्तृतिमा ल्याइदिएको छ । यसका अतिरिक्त अहिल्या र इन्द्रका बिचको संवादलाई पनि विद्युतीय डाटाबेसका रूपमा प्रस्तुत गरी कसले, कहिले, कति बेला र कति समय संवाद गऱ्यो अनि कसको बढी जोड, आकर्षण, खिचाइ वा ढल्काइ कसप्रति बढी देखियो भन्ने विषय पनि आएको छ। यसरी व्यक्तिका मनोवैज्ञानिक स्थिति र त्यस्तो स्थितिमा उसलाई कस्तो व्यवहारमा बाध्य बनाइएको छ भन्ने विषय पनि सार्वजनिक सञ्जालका आधारमा प्रस्तुत गरिएको छ । त्यसैले प्रस्तुत *पहेली* उपन्यासमा साइबरजगत् वा संस्कृतिले मानवजीवनका विविध पक्षलाई सघाउ र भड्काउको अवस्थामा पुऱ्याएको सिद्ध हुन्छ ।

## ४. निष्कर्ष

मानवले उपयोग गरेको साइबरसंस्कृति र यसले पैदा गरेका परिणाम निकै भयावह हुनसक्ने सम्भावनालाई *पहेली* उपन्यासमा जोड दिइएको छ। शान्त र सुव्यवस्थित परिवार सार्वजनिक सञ्जालको अतिशय प्रयोगका कारण कसरी विघटनको अवस्थामा पुग्यो भन्ने विषय यस उपन्यासको केन्द्रीय कथ्य हो । यस उपन्यासले मुख्यतः पौराणिक मिथकीय चरित्रको पुनःसृजनात्मक प्रयोग गरी आजको साइबरजगत्का आयामलाई जीवन्त बनाएको छ । अप्रतिम सुन्दरताको छलपूर्वक भोग गर्ने पौराणिक इन्द्र र आजको साइबर दुनियाको इन्द्रका बिचमा समानता देखाई प्रविधिसंस्कृतिले आज मानिस गोप्य रूपमा विशाल र विस्तृत साइबरजगत्को सदस्य बनेको पुष्टि गरेको छ । नेपाली समाज हिन्दू पारिवारिक सङ्गठनका सनातन नियमले व्यवस्थित संरचना हो । परिवार सङ्गठनको केन्द्रमा रहेको पुरुषवर्ग महिलाको एक मात्र हकभोग कर्ता हो भन्ने परम्परागत र शोषणमूलक चेतना पनि भञ्जित छ । अहिल्याले रोजेको बाटो र गरेका गतिविधि नेपाली समाजका सनातन मूल्य, मान्यता तथा त्यसले उत्पन्न गरेका सीमाका परिणाम हुन् । शरीरको जैविक धर्म र स्वभावलाई सामाजिक मूल्यमान्यता, रीतिस्थिति र मर्यादाको कलेवर दिएर आदर्शीकरण गरिन्छ । यसैको परिणामस्वरूप अहिल्याको निर्णय सहीभन्दा पनि सुखप्रधान हो भन्ने निष्कर्ष प्राप्त भएको छ । त्यसैगरी आजको विश्व साइबर प्रौद्योगिकीका सीमाहीन सञ्जाल तथा व्याप्तिले घेरिएको अवस्थामा छ । कुनै पनि व्यक्ति विश्वको कुनै पनि कुना, सन्दर्भ र प्रसङ्गमा निमेषभरमा जोडिन पुग्छ । व्यक्तिका गोप्य र निजी मामलाहरू सार्वजनिक सञ्जालका कारण व्यापक विस्तृति र फैलावटमा पुगेको अवस्था तथा त्यसका परिणामलाई पनि आख्यानकारले कलात्मक रूपले प्रस्तुत गरेका छन् । व्यक्ति उसको निजी कदमद्वारा भन्दा अर्को कुनै विकृत सोच र व्यवहारमा तल्लीन व्यक्तिद्वारा क्षयीकृत अवस्थामा पुगेको हुन्छ । साइबरसंस्कृति विषयक नेपाली आख्यानपरम्परामा *पहेली*को पथक् स्थान सृजना भएको छ। नेपाली समाजमा इन्टरनेटको प्रयोग तथा त्यसका व्यावहारिक पक्षमा देखिएका विविधताबारे आख्यान सृजना भए तापनि *पहेली*मा मानवशरीरका जैविक प्रकृति तथा त्यसले प्राप्त गर्न चाहेको सहजात निरन्तरतासमेत प्रस्तुत भएको छ । पौराणिक मिथकीय चरित्रलाई सृजनात्मक पुनर्निर्माण समेत गरेर आजको समाजलाई अलङ्कृत गर्नसक्नु यस उपन्यासको मूल प्राप्ति हो । समाजका सांस्कृतिक तथा सनातन मूल्यमान्यताका साक्षतामा मानिसका प्राकृतिक स्वभाव तथा गुणको आदर्श मान सृजना गर्नु न्यायोचित हुन्न किनभने शरीर प्राकृतिक धर्मको अधिरचनालाई स्वीकार गर्ने प्रणाली हो भने समाज तथा संस्कृति मानवका आदर्श अपेक्षालाई संस्थागत स्वरूप दिने एकाइ हो। *पहेली* उपन्यास मानवीय प्राकृतिक गुणलाई पौराणिक मिथकनिर्मित दिक् तथा कालको आलङ्कारिक विन्यास एवं प्रविधिसंस्कृतिको उपयोग गरी

मानवीय जैविक विशिष्टताले सहज निकास प्राप्त गर्न रोजको बाटो हो । पौराणिक सन्दर्भ र सञ्चारप्रविधिको समान्वयात्मक प्रयोग नै यस उपन्यासको मौलिक वस्तुविधान हो । समग्रमा प्रस्तुत उपन्यास आजको साइबरसंस्कृतिको तीव्र प्रभावमा परेको समाज र त्यसले निम्त्याएको गहिरो पारिवारिक विघटनलाई चित्रण गर्न सफल छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, ज्ञानु (२०७९), 'साइबर समालोचना : मान्यता र प्रारूप', सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना,* भाग-३, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

कोइराला, कुमारप्रसाद (२०६८), *आख्यान विमर्श,* काठमाडौँ : ओरियन्टल पब्लिकेसन ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त,* काठमाडौँ : भृकुटी एकडेमिक पब्लिकेसन्स ।

नेपाल, मङ्गलकुमार (२०५९), *सङ्क्षिप्त श्रीमद्भागवत कथामृत,* ललितपुर : साझा प्रकाशन ।

बराल, वासु (२०५०), *हिन्दू सामाजिक सङ्गठनको प्रारूप* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोर्डन बुक्स ।

भट्टराई, गोविन्दराज (२०७४), 'जब प्रविधिले राम्ररी घोडा चढ्छ तब जीवन झन् गहिरो खाडलमा खस्छ', *पहेली,* ले. बिष्णु एस. राई, काठमाडौँ : सगुण आसरा ।

राई, विष्णु एस. (२०७५), *पहेली,* काठमाडौँ : सगुण आसरा ।

शर्मा, मोहनराज (२०७५), 'भूमिका', बिष्णु एस. राई, *पहेली,* काठमाडौँ : सगुण आसरा ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* काठमाडौँ : ओरियन्टल पब्लिकेसन ।

Gillis, S. (2007), *Cybercritism introducing ciriticism at the 21 century*. New Delhi M Rawat Publication.